स्थायी लेखा नं. २०१२८४७७३

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
गुलरिया, बर्दिया
Google Plus Code: 683V+HM Gulariya

०८४-४२०१३३ प्र.जि.अ.
०८४-४२००९५ स.प्र.जि.अ./प्र.अ.
०८४-४२०१३२ प्र.अ.
०८४-४२०२७६ प्रशासन
०८४-४२०२४५ फ्याक्स
०८४-४२०९९९ DEOC
website:daobardiya.moha.gov.np
email:daobardiya@moha.gov.np
daobardiya@gmail.com

प.सं.:०७९/०८०
च.नं.:स्था.प्र./२१६९

मिति: २०७९/०७/०३

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, बर्दिया ।
श्री गुलरिया/ मधुवन/राजापुर/ठाकुरबाबा/बाँसगढी/बारबर्दिया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, बर्दिया ।
श्री बढैयाताल/गेरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, बर्दिया ।
श्री जिल्लास्थित सबै सरकारी/अर्धसरकारी कार्यालय/आयोजना/डिभिजन/परियोजना/संस्थान
बर्दिया ।
श्री नेपाल रेडक्रस सोसाइटी, बर्दिया ।
श्री विभिन्न संघसंस्थाहरु, निजि क्षेत्रहरु, सरोकारवाला निकाय सबै ।

उपरोक्त सम्बन्धमा मिति २०७९/०७/०३ गते बर्दिया जिल्लाका प्रमुख जिल्ला अधिकारी एवम् जिल्ला विपद् व्यवस्थापन समिति, बर्दियाका अध्यक्ष श्री बन्धु प्रसाद बास्तोलाज्यूको अध्यक्षतामा बसेको जिल्ला विपद व्यवस्थापन समिति, बर्दियाको वैठकबाट भएको निर्णय पाना-४ यसैसाथ संलग्न राखी आवश्यक कार्यान्वयनका लागि तहाँ पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

रमेश पाण्डेय
सहायक प्रमुख जिल्ला अधिकारी

आज मिति २०७९ साल कार्तिक ३ गतेका दिन बर्दिया जिल्लाका प्रमुख जिल्ला अधिकारी एवम् जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष श्री बन्धु प्रसाद बास्तोलाज्यूको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समिति, बर्दियाको बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो।

उपस्थिति

प्र.जि.अ. श्री बन्धु प्रसाद बास्तोला, जि.प्रशा.का. बर्दिया
प्रमुख श्री सुर्य बहादुर थिङ्ग, जि० स० स० बर्दिया
नगर प्रमुख श्री मुक्तिनाथ यादव, गुलरिया नगरपालिका
" श्री खड्क बहादुर खड्का, बाँसगढी नगरपालिका
" श्री छविलाल थारु, बारबर्दिया नगरपालिका
श्री तेज बहादुर भाट, मधुवन नगरपालिका
" श्री तिलकराम लम्साल, ठाकुरबाबा नगरपालिका
" श्री दिनेश थारु, राजापुर नगरपालिका
अध्यक्ष श्री हिमालय त्रिपाठी, बढैयाताल गाउँपालिका
" श्री जयान सिं के.सी. गेरुवा गाउँपालिका
प्र०उ० श्री बीरेन्द्र बहादुर शाही जि०प्र०का० बर्दिया
उप० प्र० नि० श्री प्रज्वल खड्का, स० प्र० जि०का. बर्दिया
नि. श्री किरा पाण्डेय, स.प्र.जि.अ.
सुरेश कुमार शुक्ला - लो०स०पा० जिलाध्यक्ष
अशोक कुमार खड्का - महासचिव, इका० स०
सुशील चन्द्र देवकोटा - आ. निर्देशक कर्णाली नदी व्य.आ.
का.प्र. अनुभव चौधरी ब.न.औ. नदी व्य. आयोजना, बर्दिया
सि.डि.ई. नवीन कुमार श्रेष्ठ कर्णाली नदी व्यवस्थापन आयोजना, राजापुर
डि.एफ.ओ.(DFO) प्रवीण [illegible], डिभिजन वन कार्यालय, बर्दिया
प्र.उ. वीरेन्द्र बहादुर शाही, जिल्ला प्रहरी कार्यालय, बर्दिया
उप प्र०नि० प्रज्वल खड्का स०प्र०जि०का० बर्दिया
सेनानी- दिपेन्द्र बि. बुढा श्री गजदलगण सुरक्षा गुल्म
स.प्र.नी.उ. जगदीश जोशी, स.प्र. बलनेपाल नं. ३१ गण, बर्दिया।
वि.अ. सन्तोष पाण्डे, एकिकृत कृषि तथा पशुपंछी विकास कार्यालय, बर्दिया।
प्रमुख, सागर ढकाल; " " " "
सब-इन्जिनियर हरि प्रसाद अवस्थी जलस्रोत तथा सि.वि.डि.को.
इन्जिनियर, मुकेश कुमार ठाकुर - राजापुर सिंचाइ व्य. कार्यालय

दिनेश जैसी बार बर्दीया न.पा. स्वकियो सचिव

कैलास प्रसाद अधिकारी नेपाली कांग्रेस

भिम बहादुर थापा ने.क.पा माओवादी केन्द्र उपाध्यक्ष

ई. पवन पोखरेल , प्र.प्र. , कुलाबी म.मो. योजना का. नेपालगंज

ई. नवराज प्रसाद पाण्डे इन्जीनियर कुलाबी सडक योजना नेपालगंज

ई. सुरेश चौधरी, ईन्जिनियर, सडक डिभिजन नेपालगंज

सब-ई. चन्द्र बहादुर कलौनी सडक डिभिजन नेपालगंज

पन्नालाल मर्हजन WFP - लुम्बिनी प्रदेश संयोजक

हरि केसरी रेडक्रस बर्दिया जिल्ला शाखा श्री. अध्यक्ष

पदम आचार्य अध्यक्ष नेपाल पत्रकार महासंघ बर्दिया

टिका समशेर मगर नेपाल कम्युनिष्ट पार्टी एमाले उपसचिव

पद्मा कुमारी श्रेष्ठ, स्था. का. व. विभाग, सदस्य

इन्द्रबहादुर रावल - सचिव नेकपा (एकिकृत समाजवादी)

संजय सापकोटा - रेडक्रस प्रतिनिधि बढैयाताल

पार्वती कार्की - उद्योग वाणिज्य संघ बढैयाताल उपाध्यक्ष

लक्ष्मी कुमारी चौ. जे. गा. पा. उपाध्यक्ष

किशोर कुमार चौधरी धर्मकाहिला उद्यम केन्द्र. DRR focal person

ई. प्रधिकृत के. अ. गंगाराम अधिकारी , जि. प्रशा. का

निर्णयहरु

१. विगतमा भएको निर्णयको कार्यान्वयनको अवस्था एवम् वर्तमान समस्या तथा समाधानका उपायका सम्बन्धमा छलफल एवम् समिक्षा गरियो ।

२. मिति २०७९/०६/१८ गतेदेखि २४ गतेसम्म परेको अविरल बर्षाको कारण कर्णाली नदीले पुर्याएको क्षतिका सम्बन्धमा कर्णाली नदी व्यवस्थापन आयोजनाबाट बैठकमा तपसिल बमोजिमको जानकारी गराइयो।

क. गेरुवा गाउँपालिका वडा नं. १ को सरखोलमा बाँया व्यांक करिब ३० मिटर लम्बाईमा कटान गरी कर्णाली नदीको एउटा भंगालो पाताभार कुलोमा मिसिएको ।

ख. राजापुर नगरपालिका वडा नं. ४ दलाईघाटमा करिब २४० मिटर लम्बाईमा निर्माण गरिएको तटबन्धिय संरचनाहरु(स्टड, स्पर र रिमेटमेण्ट) मा क्षति पुर्याई माटोको व्यांक कटान गरेको ।

ग. राजापुर नगरपालिका वडा नं. ३ टेडिया भन्ने स्थानमा नदीमा बाढी घट्ने क्रममा तीव्र कटान गरी नदी बस्तीको नजिक पुगेको ।

घ. क्षति न्यूनीकरण गर्ने कार्य तत्काल गराउन नसकेमा ठूलो धनजनको क्षति हुनसक्ने भएकाले सार्वजनिक खरिद नियमावलीको नियम १४५ अनुसार निर्माण प्रक्रिया अगाडि बढाइएको ।

सो सम्बन्धमा, कर्णाली नदीमा आएको बाढीले पुर्याएको क्षति न्यूनीकरण गर्न आपत्कालिन रुपमा गेरुवा गाउँपालिका वडा नं. १ सरखोलमा गरिएको निर्माण कार्यको खर्च रु. ९४०४४५।८९, राजापुर नगरपालिका वडा नं. ३ टेडियामा गरिएको निर्माण कार्यको खर्च रु. ३०६२३०।- र राजापुर नगरपालिका वडा नं. ४ दलाईघाटमा गरिएको निर्माण कार्यको खर्च रु. ९४७१२३।६३ गरी जम्मा रकम रु. २१९३७९९।५२(एक्काइस लाख तिरानब्बे हजार सात सय उनान्सय रुपया बाउन्न पैसा) मात्र खर्च भएको जानकारी समितिलाई गराइयो । कानून बमोजिम सोको भुक्तानी गर्न आयोजना कार्यालयलाई अनुरोध गर्ने।

३. गेरुवा गाउँपालिका वडा नं. १ फचकपुर, सरखोल स्थित कर्णाली नदीको बाँध फुटेर पाताभार कुलोमा पसी कुलोको डिल अन्दाजी २ कि.मि फुटेर क्षति पुर्याएको । सोही वडा अन्तर्गत रहेको ओखरिया इन्टेकको एप्रोच नहरमा करिब ५०० मि. ग्राभेल र बालुवा पुरेकोले बुढीकुलोमा हिउँदे बालीको लागि पानी संचालन गर्न कठिनाई रहेको । मनाउ र खैरीचन्दनपुर इन्टेक समेत जिर्ण रहेकोले फुटेको र मर्मत संभार गर्नका लागि करिब रु. ४ करोड लाग्ने समितिलाई कार्यालयबाट जानकारी गराइएको । सो बराबरको रकम राजापुर सिंचाई व्यवस्थापन कार्यालय, बर्दियासँग नरहेकाले जलश्रोत तथा सिंचाई विभाग लगायत सरोकारवाला निकायमा रकम निकासाका लागि अनुरोध गर्ने ।

४. असोज महिनाको १८ -२३ गते सम्मको अतिवृष्टीले बबई नदीमा आएको बाढीले गुलरिया न.पा. को वडा नं.५ बालापुरमा बाढी पसेको तथा गुलरिया न.पा. को वडा नं.५ प्रयागपुरमा करिब ५० मिटर तटबन्धमा क्षती भएकोले उक्त स्थानमा बबई भादा औरही नदी व्यवस्थापन आयोजनाले तटबन्ध निर्माण गर्ने निर्णय गरियो। साथै सोही बाढीले गुलरिया न.पा. को वडा नं. १० को लटकनियामा बबई नदीले लगभग ५५ मिटर तटबन्ध कटान गरी खेत काट्न थालेकोले तत्काल बबई भादा औरही नदी व्यवस्थापन

आयोजनाले उक्त स्थानमा माटो पटान गरी खेतीयोग्य जग्गाको कटान रोक्ने र ततपश्चात स्थायी तटबन्ध निर्माण गर्ने ।

५. २०७९ असोज महिनामा औरही नदीमा आएको बाढीले मधुवन न.पा. २ कोठियागाँऊ र मधुवन न.पा. १ पत्थरबोझी जोड्ने झोलुङ्गे पुल नजिक करिब ३५० मिटरमा नदीले कटान गरेकोमा झोलुङ्गे पुलमा पैदल यात्रु आवत जावत गर्न समस्या भएकोमा बबई भादा औरही नदी व्यवस्थापन आयोजनाले खाली बोरा तथा नाइलन जाली दिई अस्थाई निर्माण कार्य भएकोमा असोज महिनामा भएको अतिवृष्टीले पुनः क्षति गरेकोले त्यस स्थानमा बबई भादा औरही नदी व्यवस्थापन आयोजनाले स्थायी तटबन्ध निर्माण गर्ने।

६. २०७९ असोज महिनामा आएको बाढीबाट पूर्ण प्रभावित भएका घरपरिवारलाई विश्व खाद्य कार्यक्रमको सहयोगमा नेपाल रेडक्रस सोसांइटी मार्फत प्रति घरपरिवार रु. १५,०००।-(पन्ध्र हजार मात्र) का दरले वितरण कार्य भइरहेको छ । सो कार्यक्रम अन्तर्गत अझै १००० घरपरिवार छुट्न गइरहेकाले निजहरुलाई समेत सोही दरले शीघ्र राहत उपलब्ध गराइदिन नेपाल रेडक्रस सोसाइटी, बर्दिया मार्फत अनुरोध गर्ने ।

७. जिल्लामा आएको बर्षा तथा बाढीका कारण बिग्रिएका बाटा तथा पुल पुलेसाहरु प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ अगावै मर्मत संभार गरी सुचारु गर्न हुलाकी सडक, सडक डिभिजन, सडक पूर्वाधार विकास कार्यालय, शहरी विकास तथा भवन निर्माण विभाग संघीय आयोजना कार्यान्वयन इकाई, पुल योजना, प्रदेश मन्त्रालय तथा स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

८. बाढी तथा डुबानबाट यस जिल्लाभित्र कृषि बालीमा पुर्याएको क्षतिका सम्बन्धमा एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयबाट तयार भई पेश भएको प्रारम्भिक प्रतिवेदन वैठकमा पेश भई छलफल भयो । उक्त प्रारम्भिक तथ्याङ्कमा प्राप्त सुझाव समेटी विस्तृत विवरण २ दिन भित्र पेश गर्न एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय र स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

९. विश्व खाद्य कार्यक्रमले सहयोग गरेको कार्यक्षेत्रमा UNFPA, UN(Women) समेतलाई राहत सामग्री उपलब्ध गराउनका लागि अनुरोध गर्ने ।

१०. जिल्ला विपद् व्यवस्थापन समिति, बर्दिया मार्फत राहत उपलब्ध गराई सहयोग गर्नुहुने प्लान नेपाल, बाँके युनेस्को क्लब लगायतका संघसंस्थाहरुले विपद्को समयमा उपलब्ध गराएको सहयोगको लागि धन्यबाद ज्ञापन गरियो ।